लिखु पिके गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौलाखर्क, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३

सूचना नं.

## सेवा करारमा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/०८/०३**

यस गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार सब-इन्जिनियर (सहायकस्तर पाँचौं) पदमा सेवा करार मार्फत पदपूर्ती गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको भौचरसहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| वि.नं. | पद | तह | सेवा | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| ०४-०८२/०८३ | सब-इन्जिनियर | सहायक पाँचौं | नेपाल ईन्जिनियरिङ(सिभिल) | १(एक) | |

१. **शैक्षिक योग्यता:** सिभिल इन्जिनियरिङ विषयमा न्यूनतम डिप्लोमा वा सो सरह उत्तीर्ण।
२. **उमेरः** पुरुषको हकमा दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।
३. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रम (संक्षिप्त सुचि) को प्रकाशन, लिखित र अन्तर्वार्ता।
४. **सेवा/सुविधाः** नेपाल सरकारले तोके बमोजिम।
५. **दरखास्त दस्तुरः** रु ८००।-
६. **दरखास्त फाराम पाउने स्थानः** लिखु पिके गाउँ कार्यपालिकाको कार्यालय तथा कार्यालयको वेवसाइट www.likhupikemun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ।
७. **दरखास्त दिने अन्तिम मितिः** मिति २०८२।०८।१८ गते कार्यालय समयभित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिन कार्यालय समयभित्र।
८. अनुभवी उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ।
९. प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने।
१०. **आवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरुः** निवेदन, दरखास्त फारम, नेपाली नागरिकताको प्रतिलिपि, बायोडाटा र दुई प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, राजश्व तिरेको रसिद/भौचर र अनुभव भए सोको कागजातहरुको प्रतिलिपि।

कर्मचारी भर्ना छनौट सम्बन्धी अन्य व्यवस्था लिखु पिके गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७८(पहिलो संशोधन) बमोजिम हुनेछ ।

*पुनश्चः कार्यालयमा उपस्थित हुन नसकेको खण्डमा यस लिखु पिके गाँउपालिकाको नाममा रहेको सिटिजन्स बैंकको आन्तरिक राजश्व खाता (LIKHU PIKEY GA. PA. ANTARIK RAJASWA KHATA) नं. ०७२०१०००००००१२०२ मा तोकिएको राजश्व तिरेको भौचर लगायत अन्य आवश्यक सम्पूर्ण कागजातहरु कार्यालयको ईमेल ठेगाना* ***likhupikerm@gmail.com*** *मा पठाउन सकिनेछ। साथै परिक्षामा सामेल हुन आउँदा सम्पूर्ण कागजातहरुको सक्कल प्रति अनिवार्य लिई आउनुपर्नेछ।*

रमेश कुमार कार्की
नि. प्रमुख प्रशासकीय अधिकृत